# नेवाः संस्कारमा चित्रकलाको प्रयोग

उपप्रा.डा. वज्रमुनि वज्राचार्य
नेपालभाषा केन्द्रीय विभाग,
bbajramuni@gmail.com

## सार

*नेपालमण्डलका बासिन्दा नेवारहरुले जीवनलाई आलंकारिक बनाउन जीवनमा अपनाउँदै आइरहेको हरेक संस्कृति र संस्कारका कर्महरुमा मूर्तिकला, वास्तुकला, संगितकला, चित्रकलाको प्रयोग भइरहेको छ ।चित्रकला सौन्दर्यको प्रतीक मात्र नभै मानवको अन्तरहृदयको भाव पोख्ने माध्यम पनि हो । त्यसैले कलाको माध्यमबाट मानव सभ्यताको पहिचान हुन्छ । कलाको माध्यमबाट संस्कृतिको जन्म हुन्छ । संस्कृतिले कलालाई जीवन्त बनाउँछ । कला र संस्कृति शरीर र प्राण जस्तै अन्योन्याश्रित सम्बन्ध छ । संस्कृतिको विस्तृत रुप संस्कार हो । यस लेखमा नेवारहरुले जन्मदेखि मृत्युसम्मका संस्कार कर्महरुमा के कस्ता चित्रहरु प्रयोग गरेका छन् ? ती चित्रहरु किन कुन दर्शनबाट प्रभावित भएर प्रयोग गरेका हुन् ? संस्कारमा चित्रकला किन प्रयोग गरिन्छ ? भन्ने प्रश्नको उत्तर खोज्नु यो लेखको उद्देश्य हो ।यसको लागि समाजशास्त्र सिद्धान्त अपनाई व्याख्या विश्लेषण गरिने छ । यो अनुसन्धान स्रोतको रुपमा मुख्य रुपमा पुस्तकहरुको अध्ययन भएको छ । यस अनुसन्धानात्मक लेखको लेखक स्वयं वज्रयानी समाजमा रही संस्कार कर्मको अवलोकन, सहभागी गर्दै आइरहेको हुनाले अनुभव र अवलोकन गरिएका अनुभव रत्यस्तो संस्कारसंग सम्बन्धित फोटोहरु समावेश गरिएकोछ । नेवार संस्कारमा विविध कलाको प्रयोग हुने भए तापनि यसमा विशेष गरी नेवारहरुको जीवनमा गरिने संस्कारमा चित्रकलाको प्रयोगलाई केन्द्र बनाई अध्ययन गरिएको छ ।*

**मुख्य शब्दावली –** *संस्कार, चित्रकला, सौन्दर्य, रुप, अलंकार, प्रतिबिम्ब, प्रतिमा ।*

## नेवाःको परिचय

काठमाडौं उपत्यका मल्लकालमा नेपालमण्डलको नामले चिनिन्छ । नेपालमण्डलका बासिन्दाहरु नेवार हुन् । नेवार कुनै एक जात नभै समुदायको नाम हो । पृथ्वीनारायण शाहले नेपालमण्डललाई आफ्नो कब्जामा लिइसकेपछि नेपालको काष्ठमण्डप (काठमाडौं)लाई राजधानी बनाई गोरखाबाट आई बसेपछि नेपालमण्डलका बासिन्दाहरु ब्राम्हण, क्षेत्री, वैष्य, शुद्र झै जातमा परिणत भए । नेवार नेपालमण्डलका बासिन्दाहरु भूमिपुत्र, आदिबासीहरु हुन् । बीचमा कुनै कारणले नेपालमण्डलमा आई बसेकाहरु पनि नेवार नै भए । उनीहरुको आफ्नो पहिचान दिन सक्ने छुट्टै भाषा र संस्कृति छन् । जो नेपालमण्डलमा आई त्यहाँको भाषा र संस्कृतिलाई अंगिकार गर्थे, ती नेवार हुन्थे । नेवारहरुले अन्य जातजातिहरुले झै संस्कृतिलाई विस्तृत र परिमार्जित गर्दै जीवन संस्कारहरु अपनाउँदै आइरहेका छन् । ती संस्कारहरुमा नेवारहरुले नेपालमण्डलको भूगोल, पर्यावरणसंग सम्बन्वय गरी जीवनलाई रंगीन र संगीन बनाउन संस्कार कर्ममा कलाको प्रयोग गरेका छन् ।आवश्यकता अनुसार आफ्नो क्षमता र सिपको प्रयोग गरी सौन्दर्यता दिएका छन् । वास्तुकला, मूर्तिकला, चित्रकला यी तिनै कलाको प्रयोग गरी नेपालमण्डलको इतिहासलाई जिवन्तता दिएका छन् ।

## संस्कृति

मानिसले सामाजिक व्यवहारका क्रममा निर्माण गरेका सम्पूर्ण भौतिक तथा बौद्धिक मूल्य मान्यताहरुको कूल योग अर्थात् सामाजिक विकासको ऐतिहासिक परिप्रेक्ष्यमा प्राप्त भौतिक उपलब्धि प्रविधि, उत्पादन, अनुभव, विकास निर्माण संगसंगै बौद्धिक उपलब्धि दर्शन, साहित्य कला, संगीत, नैतिक, शिक्षा र विज्ञान जस्ता कुराहरुको समुच्चयलाई संस्कृति भनिन्छ (प्रभात, २०७४:४६१) । जीवनको लक्ष्यको बारे विश्वमा धेरै सिद्धान्तहरु प्रतिपादन भए । त्यसलाई विभिन्न सिद्धान्त र दर्शनको नाम दिइयो । सिद्धान्तले मानबीय जीवनलाई कसरी अगाडि लाने भन्ने बाटो देखाएको हुन्छ । उक्त बाटोलाई संस्कृति भनिन्छ । त्यसैले संस्कृतिमा दर्शन हुन्छ भन्ने स्पष्ट हुन्छ । नेपालका नेवारहरुको संस्कृतिमा पनि महत्वपूर्ण दर्शन लुकेको छ (जुजु, २०५६:१) । दर्शन वा सिद्धान्तको आधारमा जीवनलाई सुधार एवं परिष्कार गर्नु संस्कार हो । कर्मकाण्डीय रीतिथिति, परम्परा चलनलाई पनि संस्कार भनिन्छ । कुनै पनि विषयवस्तु, व्यक्ति या घटनालाई शुद्ध एवं परिस्कृत गरी प्रस्तुत गर्नु संस्कार हो । संस्कारलाई मानव जीवनसंग जोडेर जन्मदेखि मृत्युसम्मका विविध शुद्धकर्मको श्रृंखला मान्ने सोच छ । गर्भाधानदेखि अन्त्येष्टि संस्कारसम्मको सोह्र संस्कारको उल्लेख सनातन हिन्दू धर्मका अनुयायीहरुले प्रयोग गर्ने प्रयत्न गरेको पाइन्छ (प्रभात, २०७४:४६०,४६१)। गर्भावस्थादेखि देहकालका विभिन्न चरणमा संस्कारका अनुष्ठानहरु क्रमशः पुरा गर्नु पर्दछ । गर्भावस्थामा होस या जीवनकालमा शारीरिक बृद्धिसंगै मानसिक विकास समेत हुने हुँदा उसको स्वभाबमा परिवर्तन आउन थाल्दछ । त्यस्तो प्रत्येक परिवर्तित स्वभाव प्रारम्भ हुने बेला सोही अनुसार संस्कारका अनुष्ठानहरु पुरा गर्नु पर्दछ । संस्कार पुरा गर्ने क्रममा विभिन्न देवदेवताहरुको पूजापाठ, होम, मन्त्र उच्चारण समेत गरी धार्मिक तथा सामाजिक विधि विधान पूरा गर्ने चलन छ । जीवनमा आउने बाधा ब्यवधान निराकरण गर्न, व्यक्तित्व र सामाजिक विकास, शारीरिक र भौतिक जीवनको सुब्यवस्थित गरी उन्नत गर्न संस्कारका कार्यहरु पुरा गरिन्छ । यस्ता संस्कारहरु वैदिककालदेखि नै हुँदै आएको हो । विभिन्न गृह्यसूत्रहरुमा फरक फरक संस्कारका प्रकारहरु दिएका छन् । वैखानस गृह्यसूत्रमा १८, गौतमस्मृतिमा ४०, ब्यासस्मृतिमा १६ संस्कार उल्लेख छन् (धौबन्जार, २०६८: २२–२४) । हिन्दू संस्कारमा सोह्र संस्कार र बौद्धमा १० संस्कार भन्ने मान्यता भए तापनि हिन्दू र बौद्ध नेवारहरुमा भने छुट्टै मान्यता छ । धौबजि नकेगु (दही च्यूरा खुबाउने), ब्यंकेगु (चोख्याउने), जा नके (अन्नप्राशन्न), बुसँखा (जन्मेको केश खौरिने), कयुतापूजा (ब्रतवन्ध), इही, बाह्रा, इहिपाः (विवाह), ज्या जंक्व (रथारोहण), अन्त्येष्ठि आदि ।

## कलाको परिचय

कला समाजको दर्पण हो । सूक्ष्म जीवनमा मानिसले अपनाउँदै आएको संस्कृतिको अभिब्यक्तिले कलाको जन्म हुन्छ । मानिसको जीवनमा संस्कृति शरीर हो भने कला प्राण हो । त्यसैले मानबीय जीवनमा कला अनिवार्य आवश्यकता हो । मानव सभ्यता र संस्कृतिको ब्याख्या कलाको माध्यमबाट मात्र गर्न सकिन्छ । कला भन्ने वित्तिकै समाजका भौतिक एवं आध्यात्मिक रचनासंग सम्बद्ध कलाकौशलको समष्टि रुपलाई बुझ्न सक्दछौ । कला भन्ने वित्तिकै मूर्तिकला वास्तुकला, चित्रकला, मूर्त रुप तथा आन्तरिक ज्ञानेन्द्रियबाट अनुभव गरिने साहित्य, संगीत, नृत्यका विविध पक्ष, रसरंग र अलंकार, ध्वनिबाट अन्तरहृदयमा प्राप्त हुने आनन्दाभूतिलाई पनि जनाउँछ । कलाका यी विविध पक्षले मानव मस्तिष्कको विकास र चिन्तन पक्षलाई उद्घाटित गर्दछन् । चित्रकलाका प्राचीनतम नमूनाले हामीलाई त्यसबेलाको मानवसमाजको अस्तित्वबोधका साथै असभ्य अवस्थाबाट क्रमिकरुपले सभ्य अवस्थातिर उक्लेको इतिहास बताउँछन् (खनाल, २०५२:१) ।

कलाले भविष्यमा विकास हुने यन्त्रको दासताबाट मुक्त गर्दछ । जीवनको विभिन्न कुरुपताबाट बचाउनको निम्ति कला आवश्यक छ । कला विलासिताको लागि मात्र होइन, विलासिताले कलालाई पतन गर्छ । मानिसको मनको स्फूर्ति, सुन्दर रुपको सृजनशक्ति कलाको उपासनामा निर्भर हुन्छ । कला लोकशिक्षा, आनन्द, आध्यात्म भन्दा पनि माथि छ । भूतकालका मानिसहरुले अपनाएका धर्म, आध्यात्म नै पछिका पिढिहरुको युगको कला र संस्कृतिमा देखिन्छ ।कलाले रुपको निर्माण गर्छ । रुपले जीवन भर्ने काम गर्छ । जीवन रुपहरुको समुह हो । घर भित्र बाहिर धेरै किसिमका वस्तुहरु देख्छौ ती सबै रुप हुन् । त्यस्तो रुपमा लोक उपयोगी सौन्दर्य भर्ने काम कलाले गर्छ । सौन्दर्यलाई देवताको लक्षणको रुपमा लिइन्छ । मूर्त बस्तुहरुमा साक्षात देवताको सौन्दर्यता भर्ने काम कलाकारले गर्छ । रुपलाई सौन्दर्य बनाई प्रस्तुत गर्नु कला हो । त्यस्तो लोक उपयोगी सौन्दर्यता बनाई आकर्षण गर्न सक्ने क्षमता वा सिप भएको मानिस नै कलाकार हो ।

कलात्मक रुपको नाम संस्कृति हो । रुपलाई सुरुप बनाउनु संस्कृति हो । संस्कृति भरपुर भएको देशमा सौन्दर्यविधान रहेको हुन्छ । जीवन कलाशून्य हुन सक्दैन । निष्पाप रुपको जीवन नै सुन्दरता हो । रुपमा पाप मिसेपछि कुरुप हुन्छ । विलासितामा पाप मिसेको हुन्छ । त्यसैले विलासिताले कलाको पतन गराउँछ । सौन्दर्यताको नाश गराउँछ । कलाको पूजा उपासना गरेमा कलाले जीवनमा चैतन्य भरिदिन्छ । जीवनमा प्राणावायु भरिदिन्छ, जीवनमा स्वस्थता प्रदान गर्छ । त्यसैले कला सौन्दर्य प्रदर्शन गर्ने साधन हो । प्रत्येक कलामा सौन्दर्यको बास हुन्छ । जहाँ सौन्दर्य, रस र प्राण तत्व एक हुन्छ, त्यहाँ कला हुन्छ । कलाको उत्पत्ति, स्थिति प्रचारको लागि अमूर्तभावको सृष्टि चाहिन्छ, अमूर्त भावलाई मूर्त रुप दिनुपर्छ र लोकमा कलाको रसानुभूतिको क्षमता हुनुपर्छ ।

अमूर्तताबाट सौन्दर्यसहित रुपको सृर्जना नै कला हो । जस्तोकि पानीमा नागहरुको पलंग बनाई सुतेको नारायणलाई हामी शेषनारायण भन्छौं । त्यसको नाभिबाट कमलको फूल उत्पन्न भई त्यसमाथि चारमुखी ब्रम्हाको सृष्टि हुन्छ र ब्रम्हाबाट नै ब्रम्हाण्डका सम्पूर्ण प्राणीको सृष्टि हुन्छ । मानबमा पनि ब्राम्हण क्षेत्री, वैष्य शुद्रको जन्म हुन्छ । यहाँ जलमा सुतेको नारायणलाई शेष नारायण भन्छौ । जीवनको उत्पत्ति नारायणबाट भएको छ भने शेष पनि नारायण नै हो, अर्थात् जल नै हो । यहाँ कमलको फूललाई हिलोबाट माथि उठेर हिलोको दाग नपर्ने गरी ब्रम्हालाई सृष्टि गर्न सक्ने फोहरमा पनि फोहररहित हुने प्रतीकको रुपमा कमललाई लिएको छ । यी दर्शनको आधारमा कलाकारले जुनसुकै चित्र मूर्ति बनाउँदा सौन्दर्यता भर्ने गर्छ । बौद्धहरु आफनो धर्म दर्शन र आध्यात्मिक विश्वासलाई कलामा प्रस्तुत गर्छन् भने हिन्दूहरु आफ्नै दर्शन र धर्मलाई सुन्दर रुप दिई प्रस्तुत गर्छन् । बौद्धहरु धर्मचक्रलाई धर्मको मूल तत्वको रुपमा, नागलाई जल तत्वको रुपमा, कमलको फूललाई फोहररहित शुद्धताको प्रतीकको रुपमा प्रस्तुत गर्छन् । यस्ता कलाले संस्कृति भरिएको हुन्छ (अग्रवाल, १९५२:१९२) ।

मानवका विचारहरु अभिब्यक्त गर्ने अनेक प्रकारका माध्यमहरुमध्ये एक चित्रकला पनि हुन् । मानसहरुको भाषा लिपि आविष्कार हुनु भन्दा अगाडि नै चित्रकलाको विकास भएको थियो । पाषाणकालमा यूरोपका विभिन्न गुफाहरुमा चित्रहरु कुँडिएका छन् । स्पेन, हंगेरी, रुस, फ्रान्स, भारतका गुफाहरुमा चित्रले रंगाएको थियो (क्षेत्री, २०६०:१८१) । तर नेपालका गुफाहरुमा चित्र लेखिएको भेटिएको छैन । चित्रकारिताको प्रागइतिहासको खोज राम्रोसंग भएको छैन । तराईमा ईसापूर्व कालका चित्रकलाको विकास भएको संकेत पाएतापनि एकिन गर्न सक्ने अवस्था छैन । तर नेपालका विभिन्न स्थानका आदिवासी मानव समुदायले

प्रयोग गरेका झुपडिहरुमा मयुर र अन्य पशुपंक्षीका आकृतिहरु लेख्ने चलन देखिन्छ । जुन हालसम्म पनि दाङ्गका थारुहरुले गर्दै आइरहेको छ (दाहाल, २०६०:१४६) । त्यस्तै काठमाडौं उपत्यकाका नेवारहरुले निर्माण गरेका देवमन्दिर, दरबारको भित्ताहरुको साथै मन्दिरमा स्थापित देवताहरुलाई पनि वर्षको एकचोटि, बाह्रवर्षको एकचोटि रंगरोगन गर्ने, चैत्यमा सँख्वा (सेतो चुन) राख्ने, आँखा लेख्ने गर्दै आइरहेको छ भने आफ्नो जीवनमा गर्ने संस्कारका कार्यहरुमा पनि चित्रकलाको प्रयोग गर्दै आइरहेको छ । कला वास्तुकलाको राम्रो पक्ष के छ भने चित्रकला मूर्तिकला सृजना गर्ने कलाकारले आफूलाई कहिल्यै महत्व दिएनन् । परमेश्वरको कृपाले मात्रै एउटा रौं हल्लिने विश्वास गर्ने हाम्रो पूर्वीय दर्शनको छाप परेको कलाकारले आफूले सृजना गरेको सम्पूर्ण वस्तुमा ईश्वरकै अनुकम्पा देखिएकोले त्यसमा आफनो नाम अंकन गर्न आवश्यक ठानेनन् । संस्कारका लागि धार्मिक पौभा लेख्दा स्नान गरी चोखो भई हातमा सिप आव्हान गरी लेख्ने चलन थियो । चोखो भई कार्यको शुभारम्भ गर्ने चलन थियो । पूर्वीय कलाकारको मुख्य उद्देश्य भनेको कलामा आफ्नो अन्तर आत्माको प्रस्तुति गर्नु हो । शारीरिक सौन्दर्य प्रस्तुति त्यसको उद्देश्य होइन ( पौड्याल, २०५७:१–३) । नेवार संस्कारमा लेखिने चित्रहरुमा धार्मिक आस्था र भावना जोडिएको हुन्छ । चित्र लेख्नको लागि जिम्मा दिई छुट्टै पेशा नै बनाई दिएका छन् । त्यस्ता व्यक्तिहरुलाई पनि धार्मिक नीति नियमहरु बनाई सामाजिक, धार्मिक बोध गराई अन्य व्यक्ति वा जातहरुबाट पनि सम्मानित गराउने संस्कार बनेको छ । संस्कारका पूजाआजाको लागि चित्र लेख्न जान्ने अरु धेरै कलाकारहरु भए पनि चित्रकार वा पुंको हातबाट नै नलेखी अशुद्ध मान्ने धारणा बनेको छ । चित्र लेखाउनको लागि सिपको कदर गरी पुं ( चित्रकार) को हात पूजा गर्ने चलन छ । संस्कार गर्ने व्यक्ति र चित्र लेख्ने चित्रकार बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । पुं ले चित्र लेख्ने ज्ञान आफ्नो पुर्खा वा पुस्ताबाट हस्तान्तरण गरेको हुन्छ भने कसैले गुरु नै स्थापना गरी सिक्ने गरिन्छ । संस्कारमा लेख्ने ती चित्रहरुको लागि प्रतिमा लक्षणको ज्ञान हुनु आवश्यक छ । ती प्रतिमा वा हरेक चित्रको छुट्टै विशेषता वा दर्शन हुन्छ । संस्कारमा लेखिने ती चित्रहरु धर्म र दर्शनबाट निर्देशित हुन्छ ।

धर्म धर्मशास्त्रबाट निर्देशित हुन्छ । धर्मशास्त्रको रचनाकारको रुपमा ईश्वरलाई लिइन्छ । ईश्वर ज्ञानको पर्यायवाची शब्द हो । मानिसहरुले वर्षौं अनुभव गरेको ज्ञानलाई संगालेर लेखेको ग्रन्थ धर्मशास्त्र हो । यो मानवको आवश्यकता र हितको लागि लेखिएको हुन्छ । मानिसहरुको उपयोगी बस्तुहरु, राम्रो गुण वा स्वभाव वा वस्तुहरुको प्रतीकको रुपमा बौद्धिकता प्रयोग गरी सांकेतिक रुपमा चित्रकलाको रुपमा संस्कारमा प्रयोग गरिन्छ । संस्कार संस्कृति जीवन सुधार र प्रगतीको लागि सांकेतिक रुपमा गरिने कर्म हो । जसमा जीवन दर्शन लुकेको हुन्छ । त्यसैले संस्कारमा प्रयोग गरिने हरेक चित्रको प्रतिकात्मक महत्व हुन्छ । जस्तो कि संस्कारमा कमलको फूलको प्रयोग गरिन्छ । कमलको फूल पोखरीको हिलो भएको पानीमा उम्रन्छ । फोहर हिलोमा उम्रेर पनि फोहरबाट मुक्त रही फोहर हिलो पानीको माथि ढकमक्क फुलेको हुन्छ । त्यस्तै समाज पनि फोहर हुन्छ । त्यस्तो फोहरमा पनि फोहरबाट मुक्त रही जीवन जिउँने दर्शन कमलले दिन्छ । यस्तै दर्शनलाई मूर्त रुप दिने, सौन्दर्यता प्रदान गर्ने काम कलाले गर्छ ।

### नेवाः संस्कार

हिन्दू धर्मशास्त्रलाई मान्यता दिनेहरुले संस्कारलाई सोह्र संस्कारको नाम दिएको छ । बौद्ध धर्मशास्त्रलाई अंगिकार गर्नेहरुले दश संस्कारको नाम दिएको छ । तर नेवारहरुले अभ्यास गर्दै आइरहेको संस्कार न त हिन्दू न त बौद्ध संस्कारको सोह्र र दशसंग सम्बन्धित छ । नेवारहरुको आफ्नै छुट्टै संस्कार र दार्शनिक

मान्यता रहेको छ । नेवारहरुको संस्कारलाई जीवन पूर्व संस्कार, जीवन संस्कार र मृत्यु संस्कार गरी विभाजन गर्न सकिन्छ । हिन्दूहरुले गर्ने जन्म पूर्वका पुंसवन संस्कार र सीमन्तोनयन संस्कार नगरी त्यसको ठाउँमा बच्चा पेटमा भएको आठौं महिनापछि नौ महिना भन्दा अगाडि माइतीका आफन्तहरुले दही च्यूरा खुवाउने चलन छ । यो नेवारहरुको मौलिह संस्कार हो । त्यस्तै बच्चा जन्मपछि चार दिन, छ दिनमा बच्चा, आमा र घर च्योख्याउने संस्कार गरिन्छ । नामकरण संस्कार, कर्णवेध संस्कार छुट्टै नगरी पाँचदेखि सात महिनाभित्र अन्नप्राशन्न संस्कार गरिन्छ । केटी भए इही, बाधा फुकाउने संस्कार कर्म गरिन्छ भने केटा भए बौद्धहरु प्रबज्या वा भिक्षु बनाउने र हिन्दू नेवार भए कयुतापूजा (व्रतबन्ध) गरिन्छ । त्यसपछि वयस्क भएपछि विवाह गरिन्छ । त्यही व्यक्ति ७७वर्ष७ महिना भएपछि जंक्व (रथारोहण) संस्कार गरिन्छ (हेर्नुहोस् चित्र नं १)। यो संस्कार सम्भव भए वा बाँचिएमा पाँच पटक गर्ने चलन छ । यो रथारोहण (जंक्व) पनि नेवारहरुको मौलिक संस्कार नै हो । यो संस्कारमा रथ बनाउँदादेखि संस्कारमा पूजा गर्दासम्म धेरै चित्रहरु माटोको भाँडामा चित्रित गर्छन् (हेर्नुहोस् परिशिष्ट १) । रथमा, पौभामा, माटोको भाँडामा, काठमा, ढोकामाविभिन्न देवताहरु लेखिन्छ । त्यस्तै मृत्यु संस्कारमा मृतकको नाममा न्हय्न्हुमा, गृहशुद्धि, त्रिपक्षश्राद्ध, तीन महिने श्राद्ध, षड्मास श्राद्ध, एकवर्षे, दुई वर्षे गर्ने चलन छ । मृत्युको तेस्रो दिनमा दूर्गतीपरिशोधन मण्डल लेखाई पूजा गरी सातौं दिनमा विसर्जन गर्ने चलन छ ।

नेवार समुदायले हिन्दू र बौद्ध धर्मशास्त्रलाई हुबहु अनुकरण नगरी नेपालमण्डलको भूगोल, पर्यावरण, मौसम अनुसार परिस्थिति अनुसार आफ्नै तरीकाले संस्कार गर्दै आइरहेको छ । कुनै संस्कारमा बौद्ध र हिन्दूको दर्शन लुकेको छ भने कुनैमा नेवारहरुको आफ्नै दर्शनले निर्देशित संस्कार अपनाउँदै आइरहेका छन् । जसमा चित्रकलाको प्रसष्ट प्रयोग भएको छ ।

## नेवार संस्कारमा चित्रकला

नेवारहरुको जीवन संस्कारमा पनि जन्मदेखि मृत्यु पर्यन्त मूर्तिकला चित्रकलाको प्रयोग भएको छ । कला दिने कलाकारलाई नेवार समुदायमा जातीय रुप दिई जीवन उकास्ने अवसर प्रदान गरेको छ । संस्कृतिको कुनै काममा मूर्ति बनाउन कुमालेलाई जिम्मा दिएको छ भने कुमालेले बनाएको माटोको भाँडामा सौन्दर्यता भर्ने काम चित्रकारलाई दिएको छ । नेवारहरुको परम्परागत विभिन्न संस्कृतिमा भरपुर चित्रकला प्रयोग भएका छन् ।

बच्चा जन्म हुँनासाथ ज्योतिषबाट जन्मकुण्डली लेखिन्छ । उक्त जन्म कुण्डलीमा पनि धर्म अनुसार चन्द्र, सूर्य, गणेश र बौद्धहरुले ग्रहमातृकाको चित्र शिर्ष भागमा लेखाउने गरेको पाइन्छ ।जन्मपछि प्रत्येक वर्षमा जन्मदिन गरिन्छ । उक्त जन्मदिनको पूजामा आयु बृद्धिको कामना गरी नवग्रह शान्ति पूजा गरिन्छ । आदित्य, सोम मंगल, बुद्ध, बिही, शुक्र, शनि, राहु केतुको चित्र कोरिन्छ । नौ वटा कोठा बनाई माटोको कलशमा चित्र लेखिन्छ (हेर्नुहोस् चित्र नं २) । जसलाई ग्रह मण्डल पनि भनिन्छ । वर्णको रुपमा आदित्य रातो, सोम सेतो, मंगल रातो, बुद्ध, वृहस्पती पहेँलो, शुक्र सेतो, शनि नीलो, राहु कालो, केतु धुमवर्णले रंगाउँछ (वज्राचार्य, २०६२:४१) ।

जन्मेपछि जीवनमा विभिन्न किसिमका अवरोधहरु आउँछन् ।ती अवरोधहरु आउन सक्ने मोडमा परिवार नाताकुटुम्बहरु मिलेर समाधानको लागि, अगाडि बढ्न निर्देशन दिनको लागि संस्कार गरिन्छ । केटा भए व्रतबन्धको समयमा टाउकोमा स्वस्तिक लेख्न लगाउने, बस्ने पिर्काको तल स्वस्तिक लेख्ने, अगाडि गुरुमण्डल लेख्ने, देशान्तर जानु पूर्व सात पाइला टेक्ने ठाउँमा चूनाबाट चित्र लेख्ने, होम मण्डपमा वज्रको

प्रतीक लेख्ने, पूजा गर्ने वस्तुहरुको आशनमा चित्र लेख्ने, पुरोहितको अगाडि आव्हान गर्ने देवताहरुको मण्डप लेख्ने चलन छ (हेर्नुहोस् चित्र नं ३) । ब्रतबन्ध गरे जस्तै बौद्धहरु प्रवज्या गर्छन् र ती बच्चाहरुको टाउकोमा मंगलको कामना गरी स्वस्तिक लेख्छन् (हेर्नुहोस् चित्र नं ४) । बच्चाको रक्षाको लागि चित्रकारको घरको छानामा चक्रको चिन्ह लेखाउने चलन छ ।इही संस्कारमा बच्चाको टाउकोमा कलशको प्रतीक तस्वीरकुम्हकाःले बाँधछन् । माटोको रिकापि (सलाःपाः)मा स्वस्तिक र अष्टमंगल चिन्ह लेखिन्छ (हेर्नुहोस् चित्र नं ५)। त्यस्तै किसिमको अष्टमंगलको चित्र माटोको भाँडामा मात्र नभई घर शुद्ध गर्ने पनिष्ठा पूजामा अष्टमंगलका चित्रहरु कागजमा लेखेर घरलाई सुरक्षा गर्न माला गासेर त्यसको बीच बीचमा वर, पिपल, आँप, अम्बाको पात राखेर घर बाहिर झुण्ड्याउँछ ।जसले आठ बोधिसत्वको रुपमा आठ दिशाबाट आउने अकुशल तत्वलाई रोक्ने काम गर्छ । मंगल होस भनी कामना गर्छ । त्यस्तो चित्र विवाहको समयमा आफन्तहरुले दुलहीलाई माटोको भाँडा(मह्विकसि)मा मीठाई राखेर नेपाली कागजले सिल गरी हात घुसाई निकाल्न लगाउँछ । उक्त माटोको भाँडामा पनि अष्टमंगलको चित्र लेखिन्छ ।अष्टबोधिसत्वको रुपमा अष्टमंगलको प्रयोगले बाहिरबाट आउने सम्पूर्ण अकुशल तत्वहरुबाट छेक्ने काम गर्छ ।

विवाहमा, बृद्धको रथारोहणमा बौद्धहरु पंचबुद्ध र दायाँबायाँ मैना, आँखा र कलश लेख्ने गरिन्छ । हिन्दूहरु ब्रम्हा, गणेश र कुमारको चित्र लेखिन्छ । इही संस्कारमा बच्चाहरुको शिरमा ताजको प्रतीक कलश लगायत अष्टमंगलका चिन्ह लेखेर शीरमा पहेँलो धागोले बाँध्ने चलन छ (हेर्नुहोस् चित्र नं ५) । इही गर्दा बच्चाहरुले प्रयोग गर्ने माटोको प्लेटमा अष्टमंगलको चिन्ह लेखी त्यसमा धान र बेल राख्ने चलन छ ।भिमरथारोहणको बेला चार पाङ्गा भएको रथ बनाई त्यस रथको चारैतिर चतुरमहाराजको चित्र, अष्टमंगलको चित्र कोरिन्छ । अगाडि ७ वटा घोडाको चित्र लेखिन्छ । दशा अनिष्ट निवारण गर्न पंच रक्षादेवी र नवग्रहको चित्र लेखी पूजा गर्न लगाईन्छ (वज्राचार्य, ११२७:२३६)। यो रथमा मात्र नभै पूजा गर्ने बेला (माटोको भाँडा) कुलिंचामा ती चित्रहरु पुंबाट लेख्न लगाइन्छ ।रथारोहणको बेला पौभा लेख्ने, होम पूजामा माटोको भाँडामा यक्षयक्षणी, अष्ट दिक्पाल, गणेश, नाग, पंचरक्षादेवीको चित्र भाँडामा लेखाएर पूजागर्ने बेला स्थापना गरिन्छ । पहिलो रथारोहणमा रथमा घोडाको चित्र, दोस्रो रथारोहणमा हाँसको चित्र, तेस्रो रथारोहणमा गरुडको चित्र, मण्डलमा ग्रहमण्डल, बसुन्धरा मण्डल, उष्णीष विजयामण्डल लेख्ने चलन छ । यो नेवार संस्कृतिले बोकेको कलाको ज्वलन्त उदाहरण हुन् । एकातिर कलाको प्रदर्शन अर्कोतिर धार्मिक आदर्शको जगेर्ना गर्ने, त्यतिमात्र होइन आध्यात्मिक विश्वासले गर्दा यी चित्रकला, मूर्तिकलाले निरन्तर पाइरहयो ।

जुनसुकै पूजा गर्दा पनि पुरोहितले सर्वप्रथम आफ्नो अगाडि ढुंगाको धूलोको माध्यमबाट मण्डल लेख्ने, प्रदर्शन गर्ने वा स्थापना गर्ने वस्तुहरुको आसन स्वरुप केही कोर्ने गर्छन् । बच्चा जन्मेर संस्कारको कुनै पनि काम गर्ने बेला देबताहरुलाई  आब्हान गर्न कलशपूजा गरिन्छ । त्यो कलशमा जुन देवता स्थापना गर्ने हो त्यसको कूलको चित्र लेख्ने गरिन्छ । वैलोचन बुद्ध भए चक्र, अक्ष्योभ्य बुद्ध भए वज्र, रत्नसंभव भए रत्न, अमिताभ भए पद्म, अमोघसिद्धि भए विश्ववज्र लेखिन्छ । कलश नभएको बेला माटोको कलशमा चित्र लेखिन्छ । त्यस्तै वज्राचार्यहरु कुनै पनि पूजा शुरु गर्न बुद्ध धर्म र संघ मण्डल लेखिन्छ । त्रिरत्न मण्डलमा बीचको आठ पातको मण्डल लेखिन्छ । त्यो मण्डलमा बुद्ध मण्डल भए बीचमा बैलोचन राखिन्छ, धर्म मण्डल भए प्रज्ञापारमिता लेखिन्छ र संघ मण्डल भए आर्यावलोकीतेश्वर भाव गरी लेखिन्छ । त्यस्तै जुन देवतालाई आब्हान गर्ने हो त्यसको प्रतीक स्वरुप चित्र लेखिन्छ । त्यही अनुसार पूजा भाव गरी सोही देवताको अभिषेक स्वरुप कलशको पानी छर्केर शुद्ध बनाइन्छ । कहिं त्रिकोण लेखिन्छ, कहिं षट्कोण लेखिन्छ, कहिं गुरुमण्डलको चिन्ह प्रश्न जस्तो लेखिन्छ । होम गर्ने मूल मण्डपमा वज्र लेखिन्छ । त्यसमा पहिला सेतो ढुंगाको धुलो (पोताय चुं) वा चालमको धुलो प्रयोग गरिन्छ (हेर्नुहोस् चित्र नं ६) । त्यस चित्र माथि रातो अबीरले दोहरो लेखिन्छ ।

संस्कार जस्तै वर्षदिनमा गरिने संस्कृतिमा पनि चित्रकलाको प्रयोग हुन्छ । घण्टाकर्णमा घण्टाकर्ण राक्षसको चित्र नाङ्लोमा लेख्ने गरिन्छ (हेर्नुहोस् चित्र नं ७) । नाग पंचमीमा नागको चित्र लेखी मूल ढोकामा टासी पुजा गर्ने, गाईजात्रामा गाईको सिंग र गणेशको चित्र लेख्ने, चथाःमा गणेशको पट चित्रमा पुजा गर्न प्रयोग गरिन्छ । दशैमा नवदूर्गा भगवतीको चित्र लेख्ने, तिहारमा लक्ष्मी कुबेरको चित्र लेख्ने गरिन्छ । घर शुद्ध वा पनिष्ठा गर्ने बेला भैरबहरुको चित्र लेखी बलिमा राख्ने चलन छ । नासःद्यः, आगंद्यः आदिमा कंकालको प्रयोग, खप्परको प्रयोग गर्ने चलन छ । नासःद्यःलाई महाद्यः को नृत्य रुपको रुपमा लिने भएकोले उसको सहचरको रुपमा नासःद्यःयमा कंकालको प्रयोग गरेको हुन्छ भने चक्रसंबरले खप्परको माला, पात्रको प्रयोग गर्ने भएकोले खप्परलाई कपडामा कोरेर पर्दा हाल्ने गरिन्छ । नेपालमण्डलको चार लोकेश्वर देवतालाई वर्षको एकचोटि रंगरोगन गर्ने र रंगको प्रयोग गरी आँखा खुलाई जीवन्तता प्रदान गर्ने चित्रकारले गर्छ । चित्रकार रंगरोगन र चित्र लेख्न जान्ने मात्र भएर पुग्दैन विभिन्न देवताहरुको विषयमा, धर्म दर्शनमा ज्ञान हुनुको साथै धार्मिक मान्यता स्वीकारेको व्यक्ति पनि हुनुपर्छ । रंगरोगन गर्ने बेला स्नान गरी निराहार भई गर्नु पर्छ । चित्रकारहरुलाई सांस्कृतिक धार्मिक कार्यहरुमा काम गर्ने अधिकार प्रदान गरेको छ । यदि त्यो काम अरुले गरेको खण्डमा मान्यता दिंदैन ।त्यस्तै बुंगद्यःको रथमा भैरबको आँखा, नाग, नासःद्यः, आगंद्यःको पर्दा, जनैकै (खटिरा) आउँदा सिंहको चित्र लेख्ने चलन छ ।

रंग प्रयोग पनि देवताहरुको कुल दर्शन अनुसारको हुन्छ । बसुन्धराको पूजामा सम्पूर्ण बस्तुहरु पहेँलो प्रयोग गरिन्छ । बसुन्धरालाई पृथ्वीको प्रतीकको रुपमा लिइन्छ । बसुन्धराको व्रत बस्ने र अन्य पूजामा फूल, धागो, टिका, इताः, पहिरन सबै पहेँलोको प्रयोग गरिन्छ । यो व्रत भाद्रकृष्ण तृतीयाको दिनमा बसिन्छ । त्यस्तै प्रत्येक महिनाको १ गते ताराको व्रत बसिन्छ र ताराको ब्रत बस्दा हरियो रंगको प्रयोग गरिन्छ । व्रतसूत्र धागो, पहिरन, इताः सबै जसो हरियो प्रयोग गरिन्छ । सूर्यको पूजा गर्न रातो इताः, रातो पहिरन, रातो फूलको प्रयोग गरिन्छ । पंचबुद्धहरुमा पनि वैलोचनलाई सेतो, अक्ष्योभ्यलाई नीलो, रत्नसंभवलाई पहेँलो, अमिताभलाई रातो, अमोघसिद्धिलाई हरियो रंगले रंगाउने गरिन्छ ।

## निष्कर्ष

नेपालमण्डलका आदिबासी नेवारहरुको जीवनमा गरिने संस्कारहरु हिन्दू र बौद्ध भन्दा फरक छन् । तिनीहरुको आफ्नौ छुट्टै मौलिकपन छ । जीवन संस्कारमा मात्र होइन मृत्यु संस्कारमा पनि कलाको भरपूर प्रयोग भएको छ । संस्कार संस्कृतिमा कलाको प्रयोग गर्न छुट्टै जातको व्यवस्था गरेको छ । ती जातलाई कलाको सम्मान गर्न कलालाई जन्म दिनु पूर्व र अन्तमा हातको पूजा गरिन्छ । चित्रकला होस् या मूर्तिकला होस् जान्ने व्यक्ति भएर मात्र पुग्दैन, कलाको धार्मिक तथा दार्शनिक ज्ञान भएको व्यक्ति हुनुको साथै नेवारहरुले संस्कारको लागि छुट्याएको व्यक्तिले नै लेख्नु पर्दछ । चित्रकोर्ने जातलाई पुं वा चित्रकार नामकरण गरेको छ । ती जातले चित्र लेख्ने ज्ञान पूर्खाबाट प्रयोग गराउँदै सिकाइन्छ । चित्रकलामा विभिन्न देवताहरुको प्रतिमा लक्षण, चिन्हहरुको धार्मिक दर्शन हुन्छ । ती दर्शनको जानकारी विना अध्ययन गरेमा बच्चाहरुको खेल जस्तै अर्थहीन हुन्छ ।बौद्धहरुले बौद्ध धर्म दर्शनको आधारमा हिन्दूहरुले हिन्दू हिन्दू धर्म दर्शनको आधारमा धर्मशास्त्रले निर्देशित गरेको नियम अनुसार अनुसरण गरेको हुन्छ । जहाँ कला हुन्छ त्यहाँ संस्कृति हुन्छ । कला र संस्कृति शरीर र प्राण जस्तै हो । संस्कृति कला धर्म र दर्शनको सांकेतिक रुप हो । कला संस्कृतिको आत्मा हो । कलाले अन्तरआत्माको ज्ञानलाई सुन्दर रुपमा प्रस्तुत गर्दछ । कला र

संस्कृतिको मूल आदर्श भन्नु नै मानवीय जीवनलाई सत्यम् शीवम् सुन्दरम् बनाउनु हो । जुन नेवारहरुले संस्कार संस्कृतिमा प्रयोग गर्दै आइरहेको चित्रकलाबाट स्पष्ट हुन्छ ।

## परिशिष्ट १

रथारोहणको बेला माटोको भाँडामा लेखिने देवताहरुको प्रतिकात्मक चित्रहरु

**पंचबुद्ध**

१ वैलोचन पहेँलो चक्र, २ अक्ष्योभ्य नीलो बज्र ३ अमिताभ रातो कमलको फुल,
४ रत्नसंभव रुखको डाढ, ५ अमोघसिद्धि विश्ववज्र

**पंचतारा**

६ वज्रधातेश्वरी सेतो कमलको फुल माथि वज्र ७ मामकि तारा उफ्वःस्वां (फुल),
८ लोचनीतारा कमलको फुल माथि आँखा, ९ पद्मनीतारा रातो कमलको फुल,
१० आर्यतारा उफ्वःस्वां ।

**आठ पुजादेवी**

११ पुष्पतारा कोतः पूजाको थाली १२ धुपतारा धुँपाय् मकः धुपको भाँडो
१३ दीपतारा देवा बत्तिबाल्ने भाँडा १४ गन्धतारा शंख १५ रुपतारा ऐना१६ शब्दतारा विणा
१७गन्धतारा शंख१८ रसतारा नैवद्यःको भाँडा

**चार द्वारपाल**

१९ वज्रांकुश अंकुश २० वज्रपाश खिपः डोरी२१ वज्रस्फोट माताः भोटेताल्चा२२ बज्रविस घण्टवज्र

**दश दिक्पाल**

२३ इन्द्र वज्र, २४ यम दण्ड, २५ बरुण नागराजा, २६ कुवेर हिसि फल, २७ अग्नि सुलुपाः,
२८ नैऋत्य खड्ग, २९ वायुब्य ध्वज, ३० ईशान त्रिशुल ३१ चन्द्र चन्द ३२ सूर्य सूर्य ।
यो बाहेक पनि श्रीलक्ष्मी र जयलक्ष्मीको प्रतीक २/२ वटामा सेतो कमलको फूलको चित्र लेखिन्छ ।
(वज्राचार्य, २०६६: ४५,४६)

## परिशिष्ट २

**चित्रहरु**

| चित्र नं १ | चित्र नं २ |
|---|---|
|  |  |

चित्र नं ३





चित्र नं ४



चित्र नं ५



चित्र नं ६



चित्र नं ७



**सन्दर्भ ग्रन्थहरु**

अग्रवाल, बासुदेवशरणम्, (ई.सं. १९५२), *कला और संस्कृति*। इलाहबादः साहित्य भवन लिमिटेड।

क्षेत्री, गणेश र रामचन्द्र रायमाझी, (वि.सं. २०६०), *नेपाली कला, वास्तुकला र प्रतिमालक्षण*। काठमाडौंः एसिया पब्लिकेसन्स।

खनाल, मोहनप्रसाद, (वि.सं. २०५२), *नेपाली कला*। काठमाडौंः साझा प्रकाशन।

चित्रकार, शारदा, (ने.सं. ११३६), "नेवाः समाजय् पुंज्या", *नेवाः कला व प्रविधि*। यलः लोक साहित्य परिषद्, पौ. ४६–६४।

जुजु, बलदेव, (वि.सं. २०५६), *नेवाः संस्कार व उकिया विधि*। यँः वैदिक प्रतिष्ठान ।

जुजु, बलदेव, (ने.सं. ११११५), *नेवाः संस्कृति व नेवाः दर्शन*। यलः लोक साहित्य परिषद् ।

दाहाल, पेशल र सोमप्रसाद खतिवडा, (वि.सं. २०६०), *नेपालको कला र वास्तुकला* । काठमाडौंः एस.के पब्लिसर्श एण्ड डिष्ट्रिब्यूटर्स ।

धौबन्जार, गोपाल, (वि.सं. २०६८), *हिन्दू नेवार संस्कार पद्दती* । काठमाडौंः रामभक्त धौबन्जार, प्रभादेबी धौबन्जार ।

पौड्याल, वीणा, (वि.सं. २०५७), *नेपाली मूर्तिकला र चित्रकला*। कीर्तिपुरः नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रिय विभाग ।

प्रभात, विष्णु, ( वि.सं. २०७४), *प्रज्ञा संस्कृति कोश*। काठमाडौंः नेपाल प्रज्ञा–प्रतिष्ठान ।

वज्राचार्य, फणीन्द्ररत्न, (ने.सं. ११२७), “वज्राचार्य समाज”, *नेवाः समाज*। यँः नेवाः दे दबू, पृ. २१३–२४६ ।

वज्राचार्य, धर्मरत्न, (वि.सं. २०६६), *भीम, देव व महारथारोहण पूजाविधिक्रिया*। यँः सिद्धि–धर्महर्ष धार्मिक संरक्षण संस्था ।

वज्राचार्य, सर्वज्ञरत्न, (सं.), (वि.सं. २०६२), *वज्रयान पूजाविधि संग्रह*। म्हयूपिंः नेपाल बौद्ध संस्कृति संरक्षण केन्द्र ।